नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०    अंक २२६    २०७७ साल चैत ३० गते सोमबार (12 Apr. 2021 Monday)    मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- विवाहमा लेनदेख गर्ने तथा दाईजो नदिएको कारण सताउनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्नेलाई तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहु विवाह स्वतः बदर हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

***Log on : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : महामारीबीच वसन्त ... ३ पृष्ठमा : युएइबाट अन्तरिक्षमा ... ४ पृष्ठमा : विधिको पालना र ...

## माओवादी केन्द्रले भ्रष्टाचार बिरुद्ध तथा संगठन सुदृढिकरणका लागि दुई महिने अभियान चलाउने




**दैनिक समाचारदाता**
**राजविराज, २९ चैत ।**

नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) सप्तरीले दुई महिने लामो संगठन सुदृढिकरण तथा भ्रष्टाचार बिरुद्ध अभियान सुरु गर्ने भएको छ ।

नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले) बीच भएको एकता र सर्वोच्च अदालतबाट भएको पछिल्लो पटक आएको फैसलाले अलग भएपश्चात् नेकपा माओवादी केन्द्र सप्तरीको अध्यक्ष अशोक कुमार मण्डलको अध्यक्षतामा बसेको प्रथम बैठकले सो अभियान चलाउने निर्णय गरेको हो ।

उक्त अभियानको सुरुवात आगामी बैशाख ३ गतेदेखी जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिकाबाट गरिने अध्यक्ष मण्डलले जानकारी दिएका छन् ।

बैठकपछि आइतबार सो पार्टीद्वारा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष मण्डलले पार्टीलाई संगठनात्मक रुपमा बलियो बनाउन तथा जिल्लास्थित विभिन्न कार्यालयमा मौलाउँदै गएको भ्रष्टाचार नियन्त्रण गर्न बैशाख ३ देखी दुई महिने संगठन सुदृढिकरण, जनसम्बन्ध बिस्तार तथा भ्रष्टाचार बिरोधी अभियान चलाउने निर्णय गरिएको जानकारी दिए ।

अभियान प्रभावकारी ढंगले संचालन गर्न जिल्लाका १८ वटै स्थानिय तहमा प्रतिनिधि तोकेर जिम्मेवारी बाँडफाँड गरिसकेको उनको भनाई छ ।

अभियान अन्तरगत जनवर्गिय संगठनहरुको भेला, सम्मेलन र प्रशिक्षण, सहिद, वेपत्ता तथा विभिन्न आन्दोलनका क्रममा घाइते भएका परिवारको घर घरमा सम्पर्क, स्थानिय निकाय र जिल्लास्थित विभिन्न कार्यालयमा भइरहेको अनियमितता र ढिलासुस्ती लगायतका विषयमा चैत ३० गते प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउने लगायतका कार्यक्रम समेटिएको सो पार्टीले जनाएको छ ।

बैठकमा पार्टीका प्रदेश कमिटि सदस्य महेश यादव, अनिल, बिमल लगायत स्थानिय अगुवा नेता कार्यकर्ताको उपस्थिति रहेको उनले बताए ।

## उच्च बार एशोसिएशनमा डिएलएको बर्चश्व



**दैनिक समाचारदाता**
**राजविराज, २९ चैत ।**

उच्च बार एशोसिएशन राजविराजको सम्पन्न निर्वाचनबाट डिएलएका अध्यक्ष भरत यादवसहित सम्पूर्ण प्यानल निर्वाचित भएका छन् ।

अध्यक्ष यादवले १ सय ६ मत प्राप्त गरे । उनका प्रतिद्वन्दी पूण्य प्रसाद यादवले ५२ मत ल्याए भने अर्का अध्यक्ष पदका उम्मेदवार नवीन सिंहले ४० मत ल्याए ।

यस्तै उपाध्यक्षमा बाल कृष्ण ढुंगाना बिजयी भएका छन् । उनले ८६ मत ल्याए भने प्रतिद्वन्दी पार्वती कुमारी राउतले ७४ मत तथा कृष्ण कुमार केसीले ३९ मत प्राप्त गरे ।

यसैगरि सचिवमा मो. समिम अख्तर अलि निर्वाचित भए । उनले ७९ मत प्राप्त गरे भने प्रतिद्वन्दीद्वय मनोज देवले ६१ र धर्मेन्द्र प्रसाद यादवले ५३ मत प्राप्त गरे ।

यस्तै कोषाध्यक्षमा उपेन्द्र यादव बिजयी भएका छन् । उनले ९६ मत तथा उनका प्रतिद्वन्दी तेज नारायण चौधरीले ४९ र उमाशंकर देवले ४६ मत प्राप्त गरे ।

यस्तै सदस्य तथा केन्द्रिय पार्षदहरुमा समेत डिएलएकै अधिकांश उम्मेदवारहरु बिजयी भएका छन् ।

## गोली हानी सुनचाँदी व्यवसायी विश्वकर्माको हत्या

**दैनिक समाचारदाता**
**सिरहा, २९ चैत ।**

सिरहाको लहान नगरपालिकास्थित एक सुनचाँदी पसल सञ्चालकको लुटेरा समूहले शनिबार राती गोली हानी हत्या गरेका छन् ।

लुटपाट गर्ने उद्देश्यले आएका लुटेरा समूहले लहान-२२ निवासी ३८ वर्षीय प्रदीप विश्वकर्माको गोली हानी हत्या गरेको प्रहरीले जनाएको छ ।

सो क्रममा मृतक प्रदीपकी श्रीमती अमृता विश्वकर्मा घाइते भएको र उहाँको लहानस्थित सप्तऋषि अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

मध्यराति आएको समूहले विश्वकर्मा दम्पती सुतिरहेको घरको ढोका फुटाएर सामान लुटपाट गर्न खोज्दा प्रतिकार गर्दा सो समूहले विश्वकर्माको गोली हानी हत्या गरेको इलाका प्रहरी कार्यालय लहानका प्रहरी नायब उपरीक्षक तपनकुमार दाहालले जानकारी दिएका छन् ।

गोली हानी हत्या गरिएका विश्वकर्मा वडाध्यक्ष कन्हैया गुप्ताको घरमा सुनचाँदी पसल सञ्चाल गर्दै आएका थिए । घटनालगत्तै पुगेको प्रहरी टोलीले घटना गरेर भाग्दै गरेको अवस्थामा लहान नगरपालिका-७ निवासी रामकृष्ण चौधरी र सुरेशकुमार सहनीलाई पक्राउ गरेको प्रहरी नायब उपरीक्षक दाहालले बताए । यता घटनाबारे थप अनुसन्धान भइरहेको उनको भनाइ छ ।

**राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा**

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**



## सम्पादकीय ....

# समयमै निर्माण कार्य सम्पन्न गर

सप्तरीका सडकहरु अहिले धुलोमय बनेको छ। सडकहरुको मर्मत सम्भार तथा नयाँ सडक निर्माण कार्य सूचारु रहेकोले ती सडकहरु धुलोमय बनेको हो। एक वर्ष बढी समयदेखी जिल्ला सदरमुकाम राजविराजसहित अन्य स्थानका सडकहरु निर्माणका क्रममा रहेका छन्। ठेकेदार कम्पनीले निर्माण कार्य सुरु गरेपनि समय सीमा भित्र कार्य सम्पन्न गर्न नसक्दा बाटोको हाल बेहाल भएको छ।

अधिकांश सडकहरु भत्काएर नयाँ निर्माण कार्यको सुरुवात हुनु सकारात्मक पक्ष हो तर, सबैलाई भत्काएर समयमा कार्य सम्पन्न गराउनेतर्फ ध्यान नदिनु विडम्बना हो। यस्तो अवस्थामा स्थानियहरुले निकै सास्ती व्यहोर्नु परिरहेको छ। निर्माणाधिन बाटोका कारण दुर्घटना बढ्नु, धुलाकोका कारण स्वास्थ्यमा असर पुग्नु, वर्षामा जोखीम बढ्नु, आवतजावतमा समस्या हुनु लगायतका कारण सृजना हुन्छ।

तसर्थ बाटो समयमै निर्माण गर्नु पर्ने तर्फ सम्बन्धीत निकायको ध्यान पुग्नु उत्तिकै आवश्यक छ भने ठेकेदार कम्पनीलाई कार्य सम्पन्न गराउनेतर्फ स्थानियवासीले समेत घचघचाउने पर्ने समय आएको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# महामारीबीच वसन्त आरोहणले व्यवसायी उत्साहित

काठमाडौँ, २९ चैत (रासस)।

कोभिड-१९ महामारीका बीच उत्साहवर्द्धक रुपमा चलिरहेको वसन्त यामको हिमाल आरोहणबाट पर्यटन व्यवसायी निकै उत्साहित देखिएका छन्। सर्वोच्च शिखर सगरमाथासहितका विभिन्न हिमाल आरोहणमा आरोहीको आकर्षणले महामारीले शिथिल बनेको पर्यटन क्षेत्र चलायमान हुने उनीहरुको अपेक्षा छ।

एकातर्फ प्रतिकूल परिस्थितिका बावजुद पनि पर्वतारोहणका लागि बाक्लो सङ्ख्यामा विदेशीको आगमन अर्कोतर्फ विशिष्ट पाहुनाको आरोहणले नेपालको पर्वतीय पर्यटन तथा साहसिक पर्यटकीय गतिविधि सुरक्षित रहेको सन्देश विश्वभर फैलाउन मद्दत पुगेको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागले हालसम्म वसन्त यामको सगरमाथासहितका विभिन्न हिमाल आरोहणका लागि ४९ आरोही समूहलाई आरोहण अनुमति (एक्सिपिडिसन पर्मिट) दिएको छ। विभागको पछिल्लो विवरणमा हालसम्म ४९ आरोही समूहका ४१९ आरोहीले आरोहण अनुमति लिएका छन्।

यस यामको सगरमाथा आरोहणका लागि मात्रै हालसम्म २६ आरोही समूहका २४४ आरोहीले आरोहण अनुमति पाएको विभागको पर्वतारोहण शाखाका अधिकृत भीष्मराज भट्टराईले जानकारी दिनुभयो। विभागले आरोहण अनुमति दिएका हिमालमध्ये सबैभन्दा बढी सगरमाथा आरोहणका लागि छ। विभागले हालसम्म सगरमाथा, अन्नपूर्ण, मकालु, मनास्लु, धौलागिरि, ल्होत्से, पुमरी, नुप्से र टुकुचे हिमाल आरोहण गर्ने आरोहण अनुमति दिएको छ।

महामारीकै कारण अघिल्लो वर्षको वसन्त याममा पर्वतारोहण र पदयात्राले असर बेहोरेको सन्दर्भमा यस यामको हिमाल आरोहणले पर्यटन क्षेत्रमा उत्साह जगाएको पर्यटन व्यवसायीको बुझाइ छ। नेपाल पर्वतारोहण सङ्घ (एनएमए) का महासचिव कुलबहादुर गुरुङले असहज परिस्थितिका बाबजुद पनि सगरमाथासहितमा हिमाल आरोहणका लागि विदेशीको बाक्लो सङ्ख्यामा उपस्थितिले नेपालको पर्वतीय पर्यटन सुरक्षित रहेको सन्देश विश्वभर फैलाउन सहयोग पुगेको बताउनुभयो।

उहाँले भन्नुभयो, "कोभिड महामारी सन्दर्भमा सगरमाथामा आरोही आएको सङ्ख्या हेर्दा अघिल्लो सामान्य अवस्थाकै हाराहारीमा हुनु तथा एनएमएले व्यवस्थापन गरिरहेको चुली (पिक) आरोहणमा पनि तुलनात्मकरुपमा कम भए पनि यसले सकारात्मक सन्देश दिएको छ।" एनएमएको तथ्याङ्कअनुसार गत साउन १ देखि फागुन २९ गतेसम्म ६२ वटा चुली जारी भएकामा १६९ पुरुष र २३ महिला गरी १९२ ले पिक आरोहणको अनुमति पाएका छन्। अप्रिल महिनामा धेरै सङ्ख्यामा पिक बिक्री भएकाले यो सङ्ख्या बढ्ने जनाइएको छ।

चुली अनुमतिबाट हालसम्म रु १६ लाख ८६ हजार राजस्व सङ्कलन भएको छ। यतिखेर विभिन्न मुलुकबाट नेपालको सगरमाथासहितका विभिन्न हिमाल आरोहणका लागि धमाधम आरोहीले अनुमति लिइरहेका छन्। कोभिड महामारी जोखिमका बीच आरोहण अनुमति जारी हुनु र यसमा पनि विशिष्ठ पाहुनाको आरोहणले नेपालको साहसिक पर्यटन सुरक्षित रहेको सन्देश विश्वभर फैलाउन सहयोग पुग्ने अपेक्षा विभागले लिएको छ।

बहराइनका राजकुमार शेखमोहम्मद हमाद मोहम्मद अल खलिफासहितको टोलीले पहिलो आरोहण अनुमति लिएको छ। सेभेन समिट ट्रेकमार्फत हुन लागेको यो आरोहणमा बहराइन रोयल गार्ड (डिफेन्स फोर्स) मा कार्यरत १३ बहराइनी तथा तीन बेलायती रहने आरोही टोली छन्।

नेपाल पर्यटन बोर्डका प्रवक्ता मणि लामिछानेले महामारीकैबीच यसअघि 'हाई प्रोफाइल' व्यक्तिको नेपाल भ्रमण, प्रख्यात मुलुकबाट भइरहेको विशिष्ट आरोहणले पनि नेपालको पर्वतीय पर्यटनबारे सकारात्मक सन्देश प्रवाह भइरहेको बताउनुभयो। "बहराइनका राजकुमारसहितको टोलीले सगरमाथा आरोहण तयारी गरिरहेको तथा यसअघि महामारीकैबीच कतारका राजकुमारको हिमाल आरोहणको धेरै महत्वको सन्देश छ।

अर्थतन्त्रका अब्बल मुलुकका विशिष्ठ व्यक्तिको आरोहणले विश्वव्यापी रुपमा नेपालको सकारात्मक प्रवर्द्धन हुन्छ, यसबाट माउन्टेन टुरिज्म र साहसिक पर्यटन सुरक्षित रहेको सन्देश दिएको छ", प्रवक्ता लामिछानेले भन्नुभयो।

होटल एशोसिएशन अफ नेपाल (हान)का प्रथम उपाध्यक्ष विनायक शाहले वसन्त यामको आरोहणका लागि बाक्लो सङ्ख्यामा विदेशी आउनुले असहज परिस्थितिमा पनि नेपालको पर्यटन सुरक्षित रहेको सन्देश विश्व पर्यटन बजारमाझ पुऱ्याउन सहयोग पुगेको बताउनुभयो।

उहाँका अनुसार महारी कम भएका बेला खासगरी आन्तरिक पर्यटकले नेपालका होटलको व्यापार केही हदसम्म सुधारोन्मुख भइरहेको सन्दर्भमा कोभिड महामारीको हालको अवस्थाले पुनः व्यवसायीलाई चिन्तित तुल्याएको छ। नेपालमा पछिल्ला महिनामा कोरोना सङ्क्रमण घटेर १०० भन्दा तल रहेकामा हालका दिनमा सङ्क्रमितको सङ्ख्या दिनानुदिन बढिरहेको छ, अहिले दैनिक ३०० भन्दा बढी सङ्क्रमित थपिँदै गएका छन्।

कोरोना घटेको अवस्थामा नेपालका पर्यटक स्तरदेखि पाँचतारे होटलमा करीब १० प्रतिशत 'अकुपेन्सी' रहेको हानका प्रथम उपाध्यक्ष शाहले बताउनुभयो। यो सङ्ख्या नेपाली पर्यटक तथा भारतीय पर्यटकको मात्रै हो। कोभिडसम्बन्धी मापदण्ड खुकुलो बनाई विदेशी पर्यटक आवागमन सहज तुल्याउने गरी व्यवस्था गरिए पनि पछिल्लो कोरोनाको लहरले पुनः पर्यटन व्यवसायीलाई झस्क्याएको छ।

**सगरमाथामा २६ आरोही समूह**

वसन्त यामको सगरमाथा आरोहणका लागि हालसम्म २६ आरोही समूहले आरोहण अनुमति लिएका छन्। विभागको तथ्याङ्कमा हालसम्म सोलुखुम्बुमा पर्ने सगरमाथा (८,८४८.८६ मिटर) आरोहणका लागि सबैभन्दा बढी २६ आरोही समूह छन् र सोही क्षेत्रमा पर्ने ल्होत्से (८,५१६ मिटर) मा चार, नुप्से (७,८६४ मिटर) मा तीन र पुमरी (७,१६१ मिटर) मा एक आरोही समूह छन्।

यस्तै पुमरी (७, १६१ मिटर) मा एक आरोही समूहलाई अनुमति दिइएको छ। गण्डकी क्षेत्रमा पर्ने अन्नपूर्ण हिमाल (८,०९१) आरोहणका लागि चार र धौलागिरि हिमाल (८,१६७ मिटर) मा चार समूहलाई अनुमति दिएको छ भने गोरखामा पर्ने मनास्लु हिमाल (८,१६३ मिटर) मा एक आरोही समूह छ। सङ्खुवासभामा पर्ने मकालु हिमाल (८,८४६३ मिटर) आरोहणका लागि एक समूहले अनुमति लिएको छ।

**कुन हिमालमा कति आरोही**

सगरमाथा आरोहणका लागि

*बाँकी अन्तिम पृष्ठमा*

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
गजेन्द्र नारायण सिंह अस्पताल
राजविराज, सप्तरी

प.सं.:-०७७।७८

च.नं.-

बोलपत्र स्वीकृत सम्वन्धि आशयको सूचना
सूचना प्रकाशित मिति : २०७७।१२।३०

यस अस्पतालद्वारा मिति २०७७।१०।२६ गते श्री राजधानी दैनिकमा प्रकाशित राशन ठेक्का सम्वन्धि बोलपत्र आहबान सर्म्वन्धि सूचना अनुसार दर्ता हुन आएको बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिका लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को परिच्छेद ३ को दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्वन्धि सबै फर्म व्यवसायी तथा सर्वसाधारण समेतलाई यसै सूचना द्वारा जानकारी गराईन्छ।

| सि.नं. | फर्मको नाम ठेगाना | कबोल रकम रु. |
|---|---|---|
| १ | चाँदनी कन्सट्रक्सन, चाँदनी ट्रेडर्स एण्ड सप्लायर्स रा.वि.६ सप्तरी | ४०८१८२५।२५ |

डा. हिमा यादव
नि.प्र.मे.सु.
नि. प्रमुख मेडिकल सुपरिटेन्डेन्ट
ग.ना.सिंह अस्पताल, राजविराज

# तिरहुत गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गोईठी, सप्तरी
२ नं. प्रदेश, नेपाल

पत्र संख्या :२०७७/०७८ मिति : २०७७।१२।३०
चलानी नं. :

## सूचना ! सूचना !! सूचना !!!

उपरोक्त सम्बन्धमा तिरहुत गाउँपालिका कार्यालयको मिति २०७७।१२।१२ गतेको निर्णयानुसार आ.व. २०७७/०७८ को गाउँ सभाबाट स्वीकृत तपसिल बमोजिम वडा नं. १ को गाउँपालिका तथा वडास्तरीय योजनाहरुको उपभोक्ता समिति गठन गर्नु पर्ने भएकोले देहायको मिति, समय र स्थानमा उपस्थित भई उपभोक्ता समिति र अनुगमन समिति गठन गर्ने सम्वन्धी सबै सरोकारवालाहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको ब्यहोरा अनुरोध छ।

**तपसिल**

| क्र.स. | वडा नं. | योजनाको नाम | विनियोजित रकम | उपभोक्ता समिति गठन हुने मिति | स्थान | समय |
|---|---|---|---|---|---|---|
| १ | १ | मुल सडक देखि पुर्व अशोक भिनवार घर सम्म माटो ग्राभेल | २०००००।०० | २०७८।०१।०५ | मां भगवति मन्दिर | दिनको ०१:०० बजे |
| २ | १ | शैलेन्द्र गाईत घर नजिक स्टेज ( नाचगान) अधुरो भवन निमार्ण गर्ने | ५०००००।०० | २०७८।०१।०५ | मां भगवति मन्दिर | दिनको ०३:०० बजे |
| ३ | १ | सुबोध घर नजिक शिव मन्दिर निमार्ण गर्ने | ५०००००।०० | २०७८।०१।०६ | रा.प्रा.वि.प्रसैला टोल | दिनको ११:०० बजे |
| ४ | १ | बैधनाथ घर देखि पुर्व हनुमान मंदिर निमार्ण गर्ने | ५०००००।०० | २०७८।०१।०६ | रा.प्रा.वि.प्रसैला टोल | दिनको ०१:००बजे |
| ५ | १ | भगवति मंदिरको घेरावेरा धनपुरी | २०००००।०० | २०७८।०१।०६ | रा.प्रा.वि.प्रसैला टोल | दिनको ०३:०० बजे |
| ६ | १ | अवधलाल मसैता घर देखि रविन्दर घर सम्म माटो र ग्राभेल | २०००००।०० | २०७८।०१।०७ | रा.प्रा.वि.प्रसैला टोल | दिनको ०५:०० बजे |
| ७ | १ | सियाराम चौधरी घर देखी रामरूप भिन्दबार घर सम्म माटो ग्राभेल | १००० ०।०० | २०७७।०१।०७ | रा.प्रा.वि.प्रसैला टोल | दिनको ११:०० बजे |
| ८ | १ | साविक त्रिकौल ७ मा वंजरंगवाली मंदिर निमार्ण | ५०००००।०० | २०७७।०१।०७ | रा.प्रा.वि.प्रसैला टोल | दिनको ०१:०० बजे |
| ९ | १ | गोहिवार घर देखी हरि घरसम्मको सडकमा माटो ग्राभेल गर्ने | ५०००००।०० | २०७७।०१।०७ | सन्यासि बाबा स्थान | दिनको ०३:०० बजे |
| १० | १ | सुग्मवर कुसियैत घर देखि दक्षिण डिहवार वावाको मंदिर निमार्ण कार्य | ३०००००।०० | २०७८।०१।०८ | वडा कार्यालय | दिनको ०४:३० बजे |
| ११ | १ | मुल सडक देखि दक्षिण हरेराम गुरमैता घर सम्म माटो र ग्राभेल | २०००००।०० | २०७८।०१।०८ | वडा कार्यालय | दिनको ११:०० बजे |
| १२ | १ | विधुत ट्रान्सफरमर २ थान खरिद पोल तार समेत | १००००००।०० | २०७८।०१।०८ | रा.प्रा.वि प्रसैला | दिनको ०३:०० बजे |
| १३ | १ | वडा कार्यालयको बाउण्ड्रीवाल गेट पि.सि. ढलान समेत | १००००००।०० | २०७८।०१।०९ | वडा कार्यालय | दिनको ०४:०० बजे |
| १४ | १ | नया वर्षको डिहवारको सरसफाई रंगरौगन समेत | ३०००० ०।०० | २०७८।०१।०९ | वडा कार्यालय | दिनको ११:०० बजे |
| १५ | १ | पाँचुनाथ वावाको मंदिर खत्वेटोल नजिक निमार्ण | २०००००।०० | २०७८।०१।०९ | वडा कार्यालय | दिनको ०१:०० बजे |
| १६ | १ | राम घर देखि शंकर खंग घर सम्म माटो र ग्राभेल | २०००००।०० | २०७८।०१।१० | वडा कार्यालय | दिनको ०४:३०बजे |
| १७ | १ | खडर घर देखी बहादुर घर सम्म सडकमा माटो ग्राभेल तथा ह्युमपाईप जडान कार्य | ४००० ०।०० | २०७८।०१।०५ | वडा कार्यालय | दिनको ११:०० बजे |
| १८ | १ | कृषि सडक देखी पुर्व हिरा गोईत घर सम्म माटो र ग्राभेल गर्ने कार्य | २०००००।०० | २०७८।०१।१० | रा.प्रा.वि. त्रिकौल | दिनको०१:०० बजे |
| १९ | १ | मुल सडक देखी राजेश गुप्ता घर सम्म सडकमा माटो र ग्राईभेल गर्ने कार्य | १२५०००।०० | २०७८।०१।१० | रा.प्रा.वि. त्रिकौल | दिनको ०३:०० बजे |
| २० | १ | डिहिवार बाबाको प्रांगणमा अधुरो मण्डपको काम पुरा गर्ने | ९०००००।०० | २०७८।०१।११ | वडा कार्यालय | दिनको ०४:३० बजे |
| २१ | १ | सिदिक हाजी कबरगाह अधुरोलाई पुरा गर्ने कार्य | २०००००।०० | २०७८।०१।११ | वडा कार्यालय | दिनको ११:०० बजे |
| २२ | १ | पलार देखी राम टोल हुदै वडा कार्यालय सम्म माटो ग्राभेल तथा ह्युम पाईप जडान गर्ने कार्य | ११०००००।०० | २०७८।०१।११ | वडा कार्यालय | दिनको १:०० बजे |
| | | **गाउँपालिका स्तरीय** | | | | |
| २३ | १ | वडा न १मा मुल नहरको सरसफाइ तथा फ्ल निर्माण गर्ने | १००००००।०० | २०७८।०१।१२ | वजरंगबली मंदिर | दिनको ८:०० बजे |
| २४ | १ | वडा नं.०१मा कमल शर्माको घर देखी मूल सडक सम्मको सडकमा माटो ग्राभेल तथा ह्युमपाईप जडान गर्ने कार्य | ८०००००।०० | २०७८।०१।१२ | हनुमान मंदिरको प्रागंनमा | दिनको १०:०० बजे |
| २५ | १ | वडा नं.०१मा मुल सडक शाखा सडकहरूमा ह्युमपाईप खरिद गरी जडान गर्ने कार्य | ७५००००।०० | २०७८।०१।१२ | प्रसैला स्कूल | दिनको ०१:०० बजे |

# विश्व समाचार

## युएइबाट अन्तरिक्षमा पठाइने दुई यात्रीको नाम घोषणा

दुबई, २९ चैत (रासस/एपी)।

संयुक्त अरब इमिरेट्सले दुई जना अन्तरिक्ष यात्रीको नाम शनिबार घोषणा गरेको छ। यस अन्तरिक्ष कार्यक्रममा एक महिलाको नाम पनि समावेश गरिएको छ।

दुबइका शासक शेख मोहम्मद बिन रशिद अल मक्तोमले ट्वीटरमार्फत दुई अन्तरिक्ष यात्रीको नाम घोषणा गर्नु भएको हो। घोषणा गरिएका नाममा नोउरा अल-माट्रोसी महिला हुनुहुन्छ भने मोहम्मद अल-मुल्ला पुरुष हुनुहुन्छ।

सन् १९९३ मा जन्मिनु भएकी अल-माट्रोसी अबुधाबीस्थित नेसनल पेट्रोलियम कन्स्ट्रक्सन कम्पनीमा इन्जिनियर पदमा कार्यरत हुनुहुन्छ।

युएइका चार हजारभन्दा बढी आवेदकबाट दुई जना छनौट गरिएको अधिकारीले बताएका छन्। उहाँहरु दुबैलाई अमेरिकाको टेक्सासस्थित नासाको जोन्सन स्पेस सेन्टरमा तालिम लिन पठाइने छ।

यदि अल-माट्रोसी अन्तरिक्ष अभियानमा सफल भएमा उहाँ अन्तरिक्ष पुग्ने पहिलो अरबी महिला हुनु हुनेछ।

यसअघि इरानी-अमेरिकी महिला अनुशेह रैसायानले झण्डै दुई करोड डलर तिरेर पर्यटकको रुपमा सन् २००६ मा अन्तरिक्ष यात्रा गर्नुभएको थियो।

अन्तरिक्ष यात्रा गर्ने पहिलो अरब मुस्लिमको रेकर्ड भने साउदी अरबका राजकुमार सुल्तान बिन सल्मानले बनाउनु भएको छ। उहाँले सन् १९८५ मा डिस्कभरी यानबाट अन्तरिक्ष यात्रा गर्नुभएको थियो।

सन् २०१९ मा युएइका मेजर हज्जा अल-मन्सूरीले पहिलो पटक अन्तरिक्ष यात्रा गर्नुभएको थियो। उहाँ अन्तरिक्ष केन्द्रमा आठ दिन रहनु भएको थियो।

## भारतमा एकै दिन झण्डै एक लाख ५३ हजार सङ्क्रमित

नयाँ दिल्ली, २९ चैत (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट एकै दिनमा डेढ लाखभन्दा बढी सङ्क्रमित भएका छन्।

एकै दिनमा यति धेरै सङ्क्रमित भएको यो पहिलो पटक भएको स्वास्थ्य अधिकारीले आइतवार जानकारी दिएका छन्।

उनीहरुका अनुसार पछिल्लो २४ घण्टामा भारतमा एक लाख ५२ हजार ८७९ जना सङ्क्रमित भएका हुन्।

भारतमा पछिल्लो केही हप्तादेखि दैनिक सङ्क्रमितको सङ्ख्यामा तीव्र बृद्धि हुँदै आएको छ भने पछिल्ला केही दिनदेखि दैनिक एक लाखभन्दा बढी सङ्क्रमित भएका छन्।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले भारतमा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या एक करोड ३३ लाख ५८ हजार ८०५ पुगेको जनाएको छ।

पछिल्लो २४ घण्टामा भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित भएका मध्ये ८३९ जनाको मृत्यु भएको छ। योसँगै कोरोनाका कारण मृत्यु भएकाहरुको कुल सङ्ख्या एक लाख ६९ हजार २७५ पुगेको छ।

भारतमा ११ लाख आठ हजार ८७ जना अहिले पनि सङ्क्रमित अवस्थामै रहेका छन्। मन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार यसअघि गत शनिबार एकै दिनमा एक लाख ४५ हजार ३८४ जना सङ्क्रमित भएका थिए।

## म्यान्मारमा सुरक्षाकर्मीद्वारा ८० प्रदर्शनकारी मारिए

म्यान्मार, २९ चैत (रासस/एएनआई)।

म्यान्मारमा शुक्रबार सुरक्षाकर्मीद्वारा कम्तीमा ८० प्रदर्शनकारी मारिएका छन्।

देशको मध्यभागमा पर्ने बागोमा भएको घटनामा परी उनीहरुको मृत्यु भएको समाचारमा जनाइएको छ।

अनुगमनमा खटिएका अधिकारकर्मीले सुरक्षाकर्मीको आक्रमणमा परी ८२ जनाको मृत्यु भएको जानकारी दिएका छन्।

मृतकको शव सेनाले लिएर गएकाले मृतकको सङ्ख्या अझ बढी हुन सक्ने पनि उनीहरुले बताएका छन्।

प्रदर्शनकारी विरुद्ध सुरक्षाकर्मीले ठूला हतियार प्रयोग गरेको र केही हलचल हुनेबित्तिकै गोली प्रहार गरेको प्रत्यक्षदर्शीले जानकारी दिएका छन्।

म्यान्मारमा गत माघ १९ मा देशको शासनसत्ता आफ्नो हातमा लिएपछि सेनाको कारबाहीमा ६०० भन्दाबढी मानिसको मृत्यु भइसकेको छ। सत्तामा बसिरहनका लागि सेनाले दिनानुदिन हिंसाको सहायता लिएको देखिएको छ।

सेनाले सत्ता हातमा लिएयता म्यानमारभरि विरोध प्रदर्शन हुँदै आएका छन्। हालै भएको निर्वाचनको नतिजाप्रति असन्तुष्टि जनाउदै सेनाले फेरि चुनाव गर्ने बाहनामा सत्ता कब्जा गरेको हो। चुनावका लागि भन्दै सेनाले देशमा एक वर्षका लागि सङ्कटकाल घोषणा पनि गरेको छ।

राष्ट्रिय तथा अन्तरराष्ट्रिय पर्यवेक्षक र निर्वाचन अधिकारीले भने निर्वाचन निश्पक्ष नै भएको दावी गरेका छन्। सेनाले नतिजा अस्विकार गरिरहेको बेला नयाँ संसद्को बैठक बस्न लागेकै दिन सेनाले सत्ता कब्जा गरिएको घोषणा गर्दै नेतालाई थुनामा राखेको हो।

सेनाको कदमको विश्वभरीबाट विरोध भइरहेको छ भने शान्तिपूर्ण लोकतान्त्रिक राजनीतिक निकासाका लागि दवाब बढिरहेको छ।

# विधिको पालना र सकारात्मक छलफलले मात्र निकास निस्किन्छ : नेता नेपाल

पर्सा, २९ चैत (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का वरिष्ठ नेता एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले विधिको पालना र छलफलको माध्यमले मात्र पार्टीभित्र देखिएको राजनीतिक समस्याको समाधान निस्कने धारणा व्यक्त गर्नुभएको छ। उहाँले पार्टीभित्र देखिएको गुट-उपगुटको समस्यालाई विधिसम्मत बैठक बसी छलफलको माध्यमबाट टुङ्गोमा पुऱ्याउन सकिने विश्वास व्यक्त गर्नुभयो।

प्रेस सङ्गठन नेपाल पर्साले आइतबार वीरगञ्जमा आयोजना गरेको पत्रकार सम्मेलनमा नेता नेपालले सङ्गठनको विधानअनुसार छलफल गरे समस्याको समाधान खोज्न सकिने बताउनुभयो। उहाँले विगतका तीता अनुभावलाई पछाडि छाड्दै सकारात्मक छलफलको माध्यमले पार्टीभित्रका समस्यालाई समाधान गर्न आफूहरु तयार भए पनि पार्टी नेतृत्वको कारण समस्या यथावत रहेको आरोप लगाउनुभयो। एकले अर्कालाई निषेध गर्ने प्रवत्तिले कहीँ नपुग्ने भएकाले वर्तमान समस्याको समाधान वार्ता र संवादबाटै खोजिनु पर्नेमा नेता नेपालले जोड दिनुभयो।

नेता नेपालले नेता कार्यकर्तामाथि गरिएको कारवाहीले पार्टीलाई कमजोर तुल्याउने बताउनुभयो। उहाँले पार्टी विधान र विधिबाट चल्नुपर्ने मान्यता राख्ने नेता/कार्यकर्तालाई कारवाही गरी कम्युनिष्ट आन्दोलनलाई समेत कमजोर पार्ने र मुलुकमा राजनीतिक सङ्कट उत्पन्न गरेको दाबी गर्नुभयो।

# ३ सय ६७ जनामा कोभिड-१९ को पुष्टि

काठमाडौं, २९ चैत।

पछिल्लो २४ घण्टामा नेपालमा ३ सय ६७ जनामा कोभिड-१९ पुष्टि भएको छ। उक्त अवधिमा तीन हजार १ सय २५ मा पिसीआर परीक्षण र ६ सय ९० मा एन्टिजेन परीक्षण भएको थियो।

पिसीआर विधिबाट परीक्षण गरिएका ३ सय ३ र एन्टिजेन परीक्षण गरिएका ६४ गरी ३ सय ६७ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले जानकारी दिनुभयो। त्यसमध्ये उपत्यकामा मात्रै १ सय ५४ मा संक्रमण देखिएको छ।

आइतबार १ सय ४१ जना संक्रमणमुक्त भएर घर फर्किएका छन्। संक्रमणबाट मुक्त हुने दर ९७ दशमलव ९ प्रतिशत छ। मुलुकभरि आइसोलेशनमा रहेका ८९ मध्ये १५ भेन्टिलेटरमा छन्।

बिहीबारदेखि आइतबारसम्म १४ हजार ७३४ पिसीआर परीक्षण भएको मन्त्रालयले जनाएको छ। जसमा एक हजार २ सय ६० मा संक्रमण पुष्टि भएको छ। उक्त अवधिमा ४ सय ९८ संक्रमण मुक्त भएर घर फर्किएका छन्।

आइतबार सक्रिय संक्रमितको संख्या २ हजार ९ सय ६१ छ। संक्रमण बढ्दो क्रममा रहेकाले जनस्वास्थ्यका मापदण्ड पूर्ण प्रयोग गर्न अनुरोध गरिएको छ।

# बम विस्फोटमा संलग्न थप एक पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, २९ चैत।**

सिरहाको लहानस्थित मालपोत कार्यालयमा बम विस्फोट गराएको आरोपमा सिरहा प्रहरीले थप एक युवकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सिरहा लक्ष्मीपुर पतारी गाउँपालिका-३ लवकाटोल निवासी २० वर्षीय गुडु भन्ने रामजतन मुखिया रहेको प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय लहानबाट खटिएको टोलीले लहान-१ लोकतन्त्रचोकबाट मुखियालाई पक्राउ गरेको हो प्रहरीले जनाएको छ।

एक कर्मचारीसहित आठ घाइते हुने गरी यही चैत १ गते भएको प्रेसर कुकर बम विस्फोटमा संलग्न रहेको आरोपमा सिरहाको सुखीपुर नगरपालिका-५ निवासी २५ वर्षीय रामरिझन यादव र लक्ष्मीपुर निवासी २६ वर्षीय अभिमन्यू गिरीलाई पक्राउ गरेको थियो। बम विस्फोटको जिम्मा घटनाकै दिन तराई जनतान्त्रिक मुक्तिमोर्चा गोइत समूहले लिएको थियो।

# तोकिएको समयमै महाधिवेशन गर्न सबै लाग्नुपर्छ : नेता सिंह

काठमाडौँ, २९ चैत (रासस)।

नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले तोकिएकै समयमा पार्टीको १४औँ महाधिवेशन सम्पन्न गर्न सबै लाग्नुपर्ने बताउनुभएको छ।

नेपाल दलित सङ्घ काठमाडौँ जिल्लाले आइतबार यहाँ आयोजना गरेको 'भेला तथा प्रशिक्षण' कार्यक्रममा उहाँले महाधिवेशनलाई प्रभावित पार्ने शक्तिका विरुद्ध सबै नेता कार्यकर्ता उभिनुपर्ने बताउनुभयो।

महाधिवेशनलाई प्रभावित पार्ने विभिन्न बहाना भइरहेकाले आम नेता तथा कार्यकर्ता चनाखो हुनुपर्ने बेला आएको उहाँको भनाइ छ। पूर्व उपप्रधानमन्त्री सिंहले सरकारले जनताको मर्म र भावनाअनुसार काम गर्न नसकेको आरोपसमेत लगाउनुभयो।

नेता सिंहले देशलाई सङ्कट पर्दा नेपाली कांग्रेसले सधैं देश र जनताको हितमा काम गरेको स्मरणसमेत गर्नुभयो। अहिलेको अवस्थाबाट मुलुकलाई निकास दिन काँग्रेस नेतृत्वमा सरकार निर्माण हुनुपर्ने उहाँको भनाइ थियो। नेपाली कांग्रेस काठमाडौँका सभापति सबुज बानियाँले पार्टीलाई बलियो बनाएर अगाडि लैजानका लागि पार्टीभित्र देखिएको गुट उपगुटको अन्त्य हुनुपर्ने बताउनुभयो।

### *महामारीबीच ...*

२६ समूहका २४४ आरोही छन्। ल्होत्से आरोहणका लागि ५५, अन्नपूर्णमा ४४, धौलागिरिमा ३०, नुप्सेमा २३, टुकुचेमा आठ, पुमरीमा पाँच र मनास्लुमा एक आरोही आरोहणका लागि गन्तव्यतर्फ लागेका छन्।

**३४ करोड राजस्व सङ्कलन**

पर्वतारोहणका लागि उपयुक्त मानिने यस वर्षको वसन्त याममा हिमाल आरोहणबापत पर्यटन विभागले हालसम्म रु ३३ करोड ९९ लाख ५० हजार ४९६ राजस्व सङ्कलन गरेको छ। हिमाल आरोहणका लागि उपयुक्त मौसम वसन्तयामलाई मानिन्छ।

यो अनुकूल मौसममा सगरमाथासहितका विभिन्न चर्चित हिमालमा स्वदेशी तथा विदेशी आरोहीले सर्वाधिक आरोहण गर्छन्। सगरमाथा, अन्नपूर्ण, मनास्लुलगायतका उच्च हिमशृङ्खला आरोहीको रोजाइँमा पर्छन्। वसन्तयामको आरोहणका लागि विभागले यही चैत २ देखि आरोहण अनुमति जारी गरेको थियो। चैत १३ मा सगरमाथा आरोहणको पहिलो अनुमति जारी भएको थियो।


# सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*